"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखि र समृद्ध, हाम्रो तातोपानी"

# तातोपानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## लिताकोट, जुम्ला

कर्णाली प्रदेश, नेपाल

प.स. २०७९/८०

च.न. ६६५

**तातोपानी गाउँपालिकाको पालिका गान तथा लोगो डिजाईन गरी पेश गर्ने सम्बन्धी सूचना।**

**(मितिः २०७९।१०।१६)**

प्रस्तुत सम्बन्धमा यस गाउँपालिकाको मिति २०७९।१०।१६ गतेको कार्यपालिका वैठकको निर्णयानुसार गाउँपालिकाको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा विशिष्ठ भौगोलिक पहिचान झल्कने गरि प्रतिष्पर्धात्मक विधिबाट पालिका गान र लोगो निर्माण गरि प्रयोगमा ल्याउने प्रयोजनार्थ पालिकाको गान रचना र लोगो निर्माण गर्न ईच्छुक व्यक्ति एंव संस्थाले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि पालिका गान रचना र लोगो डिजाईन गरि सो को E-copy गाउँपालिकाको ईमेल ठेगना ito.tatopanimun@gmail.com वा कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र पेश गर्न हुन यसै सूचना साथ जानकारी गरिन्छ।

**तपशिः** **शर्तहरुः**

१. पालिकाको गान रचना र लोगोमा गाउँपालिकाको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा विशिष्ठ भौगोलिक पहिचान झल्कनु पर्नेछ।

२. लोगोमा प्रयोग भएका संकेतहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ।

३. लोगो र पालिका गानमा कुनै पनि जातीय विभेद, साम्प्रदायिकता, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतामा खलल आउन सक्ने संकेत गर्न पाईने छैन। गानमा कम्तिमा ४० देखि बढीमा ६० शब्द सम्म हुनुपर्नेछ।

४. लोगो कम्तिमा ३०० dpi resolution भएको JPEG format मा हुनु पर्नेछ।

५. छनौट भएको लोगोको डिजाईनकर्तालाई प्रमाणपत्र सहित नगत रु ३०,००० (अक्षरुपी रु तीस हजार मात्र) र गानको रचनाकारलाई रु २०,००० (अक्षरुपी रु बीस हजार मात्र) पुरस्कार स्वरुप नियमानुसार कर कट्टा गरि प्रदान गरिनेछ।

६. लोगो र गान अन्यत्रबाट नक्कल नगरिएको र मौलिक हुनुपर्नेछ।

७. पालिका गान र लोगोको स्विकृति सम्बन्धी सम्पुर्ण अधिकार गाउँ कार्यपालिकामा रहनेछ। स्विकृत गान र लोगोको सर्वाधिकार गाउँपालिकामा रहनेछ र डिजाईनकर्ताले अन्यत्र प्रयोग गर्न पाउनेछैन।

८. पालिका गान र लोगो पेश गर्दा अनिवार्य रुपमा डिजाईनकर्ता र रचनाकारले आफ्नो नागरिकताको छाँयाप्रति पेश गर्नुपर्नेछ।

९. छनौट समितिले आवश्यक ठानेमा डिजाईनकर्ताले पेश गरेको लोगोमा सामान्य परिमार्जन गर्न लगाई स्विकृत गर्न सक्नेछ।

१०. म्याद सकिएपछि प्राप्त डिजाईन र गानलाई प्रतिष्पर्धातामा सामेल गराईनेछैन।

१२. यस सम्बन्धी थप जानकारी गाउँपालिकामा उपस्थित भएर वा सम्पर्क नं ९८६८९०२१११ र ९८४६२६११९६ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

२०७९/१०/१९

तीर्थ बहादुर कठायत

प्रमुख प्रशासकीय अधिकृत

वेब साईटः www.tatopanimun.gov.np ईमेलः ito.tatopanimun@gmail.com फोनः ९८६८९०२१११